
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ३१ गते आइतबार ❑ 17 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराको सहरी पूर्वाधार विकासमा एसियाली विकास बैंकले सघाउने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र एसियाली विकास बैंक (एडिबी)का कार्यकारी निर्देशक वान फरिसन बिन वान सुलेमान नेतृत्वको टोलीबीच आज पोखरामा भेटवार्ता भएको छ।

उहाँहरूबीच एडिबीको सहयोगमा सञ्चालन हुने सहरी पूर्वाधार र जीवन सुधार परियोजनासहित पोखराको दिगो पर्यटन विकासका सम्भावनाका बारेमा भेटवार्तामा छलफल भएको हो। एडिबीको सहयोगमा पोखराको ढल निकास, सडक, फुटपाथ र सडक सुधार परियोजनाअन्तर्गत सडक सुरक्षा उपायहरूको योजनासहित विद्यमान सडक तथा ढलको स्तरोन्नति गरिने छ। महानगरका अनुसार एडिबीले पोखराका विभिन्न परियोजनामा आर्थिक सहयोग गर्ने भएको छ । त्यस्ता परियोजना छनोट भइसकेका छन् । सोअन्तर्गत सहिदचोक-तीनकुने-राधाकृष्ण मार्ग-एसओएस-घले चोक-हरियो खर्क-पिआइए आठ किमी आठ सय मिटर सडक सुधार योजनालाई अन्तिम रूप दिइएको छ। यसका लागि पाँच दशमलव ३४ मिलियन अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ।

पञ्चासे पारिस्थितिक विकास र पहुँच परियोजनाअन्तर्गत दमदमेबाट भन्ज्याङसम्मको १३ किलोमिटर सडक कालोपत्र, भन्ज्याङबाट पञ्चासेसम्म बाटोको स्तरोन्नति, सुविधासहितका 'सर्भिस प्वाइन्ट' स्थापना, विद्यमान घरबास (होमस्टे)को एकीकृत प्रवर्द्धन योजना र गुरुङ सङ्ग्रहालयको संरक्षणका लागि तीन दशमलव शुन्य पाँच मिलियन अमेरिकी डलर खर्च हुनेछ । पञ्चासे एक सयभन्दा बढी प्रजातिका अर्किड र पोखरी रहेको एक प्रसिद्ध तीर्थस्थल तथा संरक्षित वन क्षेत्र हो । एडिबीकै सहयोगमा लेक टु लेक साइकल ट्र्याक र फेवाताल सुधार परियोजनासमेत सञ्चालनका क्रममा रहेको छ । परियोजनाअनुसार नौवटा ताल र १८ वडालाई जोड्ने गरी ८५ किलोमिटर लामो साइकल ट्र्याक निर्माण गरिनेछ । फेवाताल सुधार परियोजनाअन्तर्गत बसाइ व्यवस्थापन, शौचालय, 'वाटर फाउन्टेन', 'वाटर स्प्रिड प्रोटेक्सन', 'इन्फरमेसन बोर्ड', 'डाइरेक्सन बोर्ड', साइकल पार्किङ, सर्भिस प्वाइन्टसहित साइकल स्ट्यान्डको निर्माण गरिनेछ । यसमा तीन दशमलव शुन्य पाँच मिलियन अमेरिकी डलर खर्च हुने महानगरले जनाएको छ। रानीवन इको ट्रेल र फेवाताल सुधार परियोजनाअन्तर्गत ड्यामसाइडबाट रानीवनलाई सिसाको पुलले जोड्ने, शान्ति स्तूप र फेवातालको परिधिलाई एकीकृतरूपमा जोड्दै रानीवनबाट इको ट्रेल विकास गर्ने योजना रहेको छ। इको रुटमा विश्रामस्थल, शौचालय, धारा, मन्दिर जीर्णोद्धार, सूचना बोर्डलगायत सार्वजनिक सुविधा समावेश हुनेछन् । यसमा पाँच दशमलव ६३ मिलियन अमेरिकी डलर खर्च हुने छ। शान्ति वनबाटिका बोटानिकल गार्डेन निर्माण हुनेछ। परियोजनाअन्तर्गत विद्यमान वन क्षेत्रलाई हरियाली केन्द्रका रूपमा विकास र स्तरोन्नति गरी नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। त्यहाँ जडीबुटी बगैँचा, पैदलमार्ग, टिकट काउन्टर, विश्रामस्थल, 'पिकनिक सेड', ध्यान केन्द्र, 'कम्पाउन्ड वाल', 'फेन्सिङ', 'एप्रोच रोड'लगायत निर्माण हुनेछ।

अर्को परियोजनामा पोखराको पुरानो सम्पदा संरक्षणसँग जोडिएको छ। महानगरपालिकाका वडा नं २, ३ र ४ मा रहेका पुराना शैलीका कलात्मक भवन तथा मन्दिरको संरक्षणका लागि यो परियोजना लागू गरिनेछ । रामकृष्ण टोललाई पोखरा हेरिटेज साइटका रूपमा विकास गर्दै एक प्रमुख पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गरिने छ। यसले पुरानो पोखराको सहरी पुनरुत्थानसहित सिद्धार्थचोकबाट विन्ध्यवासिनीसम्म एक दशमलव पाँच किमी सडकको स्तरोन्नति र फुटपाथ निर्माण गर्नेछ। यसका लागि एडिबीले एक दशमलव ९८ मिलियन अमेरिकी डलर खर्च गर्नेछ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट लेकसाइडसम्मको सडक स्तरोन्नतिका लागि प्राविधिक, वातावरणीय र आर्थिक सम्भाव्यता प्रतिवेदन तयार भइसकेको छ।

यस परियोजनाको लागि डिएससीएस खरिदका लागि टिओआरको तयारी भइरहेको छ। यसमा दुई मिलियन अमेरिकी डलर खर्च हुनेछ। यीलगायतका परियोजनाका विषयमा एडिबीको टोलीले प्रमुख आचार्यसँग छलफल गरेको हो। सो क्रममा प्रमुख आचार्यले परियोजना तोकिएकै समयमा सम्पन्न गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो । टोलीमा एडिबीका कार्यकारी निर्देशक सुलेमानसहित निर्देशक सल्लाहकार म्याथ्यु सुलिभान, निर्देशन सल्लाहकार भीमकान्त न्यौपाने र सहरी विकास विज्ञ शिव पौडेल रहनुभएको थियो । परियोजनामा एडिबीले ७५ प्रतिशत र महानगरपालिकाले २५ प्रतिशत लगानी गर्नेछ।

## सहारा क्लब पोखराको रजत महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



सहारा क्लब पोखराले स्थापनाको रजत महोत्सव मनाएको छ। २०५५ भदौ ३० मा चौरबाट जन्मिएको सहारा मोफसलको चर्चित क्लब हो । फुटबलमार्फत सामाजिक सेवामा निरन्तर क्रियाशील सहाराले पोखरा १७, दोबिल्लास्थित आफ्नै सहारा फुटबल एकेडेमीमा शनिबार रजत महोत्सव समारोह आयोजना गरेको थियो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले रजत महोत्सवको समुद्घाटन गर्दै सहारालाई अझ सफलताको लागि शुभकामना दिए। उनले सहाराको सिको नेपालमा अरुहरुले पनि सिक्नुपर्ने उनको सुझाव थियो। साथै सेती नदी र फुस्रेखोला कटानले दोबिल्ला क्षेत्रको बस्ती तथा विभिन्न भौतिक संरचना जोखिममा परेकोमा समुचित खालको व्यवस्थापनको पहल महानगरले गर्ने उनले प्रतिबद्धतासमेत जनाए। समारोहमा क्लबले विभिन्न

बाँकी अन्तिम पृष्ठमा ▶▶


VACANCY ANNOUNCEMENT

Bhadrakali Multiple Campus (BMC), a public campus affiliated to Tribhuvan University, is looking for a dynamic, competent, committed and self-driven candidate for our following vacant position.

| S.N. | Position | Subject | Qualification | Required No. | Service Type |
|---|---|---|---|---|---|
| 1. | Teaching Assistant | Nepali | MA or equivalent | 2 | Part-time |

**Preferred Skills and Experience:**

- Three to five years of relevant professional experience in teaching university courses.
- Strong research interest and background.
- Ability and willingness to work in a challenging environment involving student engagement and working extra hours.
- Proficient in the use of collaborative tools and integration of ICT.

We encourage interested candidates, having met the above qualification, to apply with a handwritten cover letter, copy of their credentials, citizenship, updated CV and a recent PP size photograph no later than 9:00 am, 8th Aswin 2080. Applicants can submit their applications visiting the office physically or email with a single PDF file at bmcpokhara@gmail.com.

Only shortlisted candidates will be called for interview and other selection procedure. Telephonic enquiry and any kind of canvassing during the selection process will disqualify your candidacy. The campus reserves the right to reject any/all applications without citing any reasons, thereof

**Bhadrakali Multiple Campus**
**Pokhara-13, Kandahar**


## पोखरामा राष्ट्रिय भलिवल कप जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



पोखराको लामाचौरमा राष्ट्रिय भलिवल कप जारी रहेको छ। नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा शनिबार महिला तथा पुरुष तर्फको लिग चरणका ६ खेलहरु सम्पन्न भएका छन् ।

काठमाण्डौंको न्यू डाइमण्ड युथ स्पोटेर्स क्लवले शनिबार भएको महिला तर्फको दुई खेलमा जित हासिल गरेको छ। पहिलो खेलमा भने न्यू डाइमण्ड एकेडेमीले वुटवलको एभेरेष्ट भलिवल क्लव माथि लगातार तीन सेटको शान्दार जित हासिल गर्‍यो। डाइमण्डले एभेरेष्ट माथि २५–११, २५–१५,२५–१६ को सेटमा पराजित गरेको हो। अर्को खेलमा डाइमण्डले एपिएफ माथि शान्दार जित दर्ता गर्‍यो। महिला तर्फ निकै प्रतिष्प्रर्धात्मक खेलमा पहिलो लगातार दुई सेट आफ्नो पोल्टामा पारेको न्यू डाईमण्ड बिरुद्ध एपिएफले कमव्याक हुदै दोश्रो र तेश्रो सेट आफ्नो पोल्टामा पार्न सफल भए पनि पाँचौ सेटमा सम्हालिन नसक्दा डाइमण्डसंग हार व्यहोर्नु पर्‍यो। न्यू डाइमण्डले २५–२०, २५–१८ को सेटमा अग्रता लिए पनि एपिएफले तेश्रो सेटमा २५–१८ र चौथो सेटमा २५–२२ मा लगे पनि अन्ततः पाँचौ सेटमा भने न्यू डाइमण्डसंग एपिएफ १५–५ को सेटमा पराजित भएको छ।

शनिबार भएको पुरुष तर्फको पहिलो खेलमा विभागिय टोली नेपाल पुलिस क्लवले अर्को विभागिय टोली शसस्त्र प्रहरी वलको एपिएफलाई ३–२ को सेटमा पराजित गर्‍यो । पुलिसले एपिएफ माथि २३–२५, २५–२२, २५–२०, २३–२५ र १५–१३ को सेटमा जित हासिल गरेको हो । पुरुष तर्फ को अर्को खेलमा वुटवलको मणिमुकुन्द भलिवले बागलुङ गलकोट स्पोर्ट्र्स क्लव माथि सोझो सेटमा पराजित गरेको हो। मनिमुकुन्दले कलकोट माथि २५–२३, २९–२७ र तेश्रो सेटमा २५–२० मा पराजित गरेको हो। महिला तर्फको अर्को खेलमा नेपाल पुलिसले एभेरेष्ट माथि सोझो सेटमा पराजित गर्‍यो । पुलिसले एभेरेष्ट माथि २५–१८, २५–१८ र तेश्रो सेटमा २५–२० को सेटमा पराजित गरेको हो । प्रतियोगिता राउन्ड रोविन लिगको आधारमा खेलाइएको छ। यसैबिच उक्त प्रतियोगिताको उद्घाटन शनिबार एक समारोहका बिच नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्र आचार्यले गर्नू भएको हो। आइतबार महिला तथा पुरुष तर्फका ५ खेलहरु हुने भएको समाजका अध्यक्ष स्वागतमानसिंह भण्डारीले बताउनु भयो। शुक्रबार भएको लिग चरणको खेलमा पुरुष तर्फ गण्डकी प्रदेशले एकमा जित एकमा हार व्यहोरेको छ । पुरुष तर्फका केही खेल शुक्रबार देखि सुरु भएको हो । समाजको

बाँकी अन्तिम पृष्ठमा ▶▶


**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

◆ विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगलेः
◆ बालबालिकाको आँखाको ज्योति विग्रने,
◆ दिमागमा असर पर्ने,
◆ समयमा नसुत्ने,
◆ खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
◆ एकान्तमा बस्न मन पराउने,
◆ झिज्याहट हुने,
◆ साथीहरुसँग घुलमिल नहुने,
◆ एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
◆ बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ऐतिहासिक बाटुलेचौर तीज मेलाको तयारी पूरा, १७ टोलीको सहभागिता रहने

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं



पोखराको बाटुलेचौरमा संचालन हुदै आएको ऐतिहासिक तीज मेलाको तयारी पूरा भएको छ।

नेपाली महिलाको महान पर्व हरितालिका तीजको अवसरमा यही असोज १ गते हिमालय क्लबको आयोजनामा स्थानिय खेल मैदानमा हुन लागेको मेलामा आन्तरिक बाहेकका सम्पूर्ण तयारी पूरा भएको क्लबका सचिव शिवराज देवकोटाले जानकारी दिए।

पोखरामा आयोजित पत्रकार सम्मेलनमा विगतका वर्षमा विभिन्न खेलकुद सहितका कार्यक्रम आयोजना गरेको क्लवले यस वर्ष विशुद्ध तीज गीत र नृत्यलाई प्राथमिकता दिई संस्कृति प्रधान कार्यक्रमलाई प्रोत्साहन सहित संस्कृतिको जर्गेना तथा मेलाको निरन्तरताको लागि गर्न लागिएको अध्यक्ष सुशिल बस्नेतले बताए । मेलामा १७ वटा समूहले सहभागिता जनाउने निश्चित भएको छ । असोज १ गते हुने मेलाको उद्धाटन १७ वटा आमा समुहका अध्यक्षले संयुक्त रुपमा गर्ने र सोहि दिन सामुदायिक विद्यालयतर्फ नेपालमै उत्कृष्ट पहिलो हुन सफल बाटुलेचौरको विन्ध्यवासिनी माविलाई सम्मान गरिने क्लबका निर्वतमान अध्यक्ष मोहन थापाले बताए।

उद्धाटनका दिन चर्चित लोक दोहोरी गायक राजन कार्की र ज्योति लोहनीको प्रस्तुती रहने छ। पत्रकार सम्मेलनमा वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, मानार्थ सदस्य बेनि बहादुर बस्नेत, सल्लाहकार रामबहादुर बानियाँ, खिमलाल अधिकारी, संयोजक तारा प्रसाद तिमिल्सिना, लक्ष्मी श्रेष्ठ, महिला नेतृ लक्ष्मी पाण्डे लगायतले तीज पर्वलाई मौलिक र संस्कृतिक बनाउन कुनै कसर बाँकी राख्न नहुने बताए।

तत्कालिन कास्कीका राजा कुलमण्डन शाहकै पालादेखि बाटुलेचौर तीज गीतका लागी प्रख्यात रहेको पाइन्छ । त्यतिबेलै बाटुलेचौर, लामाचौर, भलाम, घार्मी, पुरुन्चौर, अर्मला लगायतका क्षेत्रका महिलाहरु सेती गंगा स्नान गर्न जाने र फर्किँदा बाटुलेचौर मैदानमा बसेर तिज गीत गाउँदै नाचेर रमाईलो गर्ने गरेको आफ्ना पूर्वजले बताएको सचिव देवकोटाले जानकारी दिए। उनीहरु पानी पनि नखाई भोकै बसेर दिनभर नाचगान गर्दथे । सहभागी दिदीबहिनीलाई तत्कालिन राजा शाहले नाचगान गरे बापत १ मोहर दिने गरेको पनि पाइएको छ। मेलाको ऐतिहासिक र साँस्कृतिक पक्षलाई बचाई राख्न पनि निरन्तरता दिइएको र आमन्त्रित टोलीले परम्परागत रुपमा आ-आफ्नो समूहमा बसेर गीत तथा नृत्य प्रस्तुत नियम बनाइएको छ । १ दिन मात्र सञ्चालन हुने मेलामा करिब ५ लाख खर्च लाग्ने क्लबले जनाएको छ । मेलामा तीजको परम्परागत भाका हम्काईलोको समेत प्रस्तुती रहनेछ।

पत्रकार सम्मेलन पछि क्लबले शुभकामना आदानप्रदान सहित आजिवन महिला सदस्यलाई दर समेत खुवाएको थियो। मेलालाई व्यवस्थित र ऐतिहासिक बनाउन विभिन्न संघ संस्था र व्यक्तिले स्वतःस्फुर्त रुपमा सहयोग गरेको क्लबले जनाएको छ।

# व्यवसायीका समस्या समाधानका लागि पहल गर्ने वडा अध्यक्ष पराजुली

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं




बुद्ध विशाल बजार व्यापारिक एशोसियसन र पोखरा महानगरपालिका ४ कार्यालय विच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा वोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले आफ्नो वडा भित्रका व्यवसायीलाई कसरी सहजीकरण गरेर व्यवसायीका विभिन्न समस्याहरूलाई समाधान गर्ने विषयमा आफु गम्भीर भएर लागेको बताउदै अध्यक्ष पराजुलीले 'राज्यलाई कर तिरेर व्यवसाय गरीरहेका व्यसायीको दुःख, पिडा,मर्का आफुले बुझेकोले राज्यले पनि बुज्नुपर्ने बताउदै देश निर्माणमा उधोगी तथा व्यवसायीको ठुलो योगदान रहेको बताए,'। अध्यक्ष पराजुलीले 'राज्यले वडा कार्यालयलाई दिएको अधिकारको सदुपयोग गर्दे आफुले व्यवसायीलाई घर वहाल कर लगाए अन्य समस्याहरूलाई समाधान गर्नको लागी आफु प्रतिवद्ध भएर लाग्ने बताए।

कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा उच्च स्तरीय समन्वय समितिका संयोजक केशव बहादुर खत्रीले ब्यवसायिक साथीहरूको हकहितको लागी आफु सधै नै ब्यवसायीको साथमा रहेको बताउदै अहिले विश्व बजारमा देखिएको आर्थिक मन्दीको असर नेपालमा पनि देखिएको बताउदै त्यसको असर पोखरामा पनि देखिएकोले अहिले व्यवसायीले दिइ राखेको घर भाडा रकम व्यवसायमा संकट आएकोले अव रकम बद्धि गरेर दिन नसकिने बताए । एशोसियसनका सल्लाहकार माधव सिग्देलले देशमा अहिले देखिएको आर्थिक मन्दीको विकराल रूपले गर्दा व्यवसायीलाई बाध्यातात्मक परिस्थिति सिर्जना नगर्न वडा कार्यालय तथा घरवेटीहरूलाई आग्रह गरेका थिए। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य सचिव थमनसिह गुरूङले गरेका थिए भने कार्यक्रम सन्चालन महासचिव राजु केसीले गरेका थिए।

# मुस्ताङ गल्फ च्यालेञ्जको उपाधि श्यामलाई

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं



दोस्रो मुस्ताङ गल्फ च्यालेन्जको उपाधि डिफेण्डिङ च्याम्पियन श्याम तामाङले जितेका छन् । ९ होल ३६ पारमा भएको खेलमा श्यामले एक अण्डर १९ अंकका साथ उपाधी जितेका हुन्।

शनिबार सर्वाधिक उचाई ४६४५ मिटरमा भएको खेलमा पोखरेली गल्फर लिलाजंग गुरुङ दोस्रो भएका छन् । उनले लेवलपार १८ अंक जोडे । प्रतियोगितामा महिलातर्फ पोखराकै जुनी गुरुङ विजयी भएकी छिन्। उनले १५ स्कोर गर्दा काठमाडौंकी गल्फर सुस्मा सिंह १३ अंकका साथ दोस्रो भइन् । रविन राना ग्रस च्याम्पियन भएका छन् । समान अंक जोडेका याम राना र पीवी राईलाई ब्याक काउण्टमा रवीनले हराएका हुन् । तीनैजनाले ११ अंक जोडेकोमा अन्तिम होलमा रविनले २ अंक जोडेपछि उपाधीको छिनोफानो भएको हो।

सर्वाधिक बर्डीजको उपाधी आत्मराम सिंखडाले जिते भने लंगेष्ट ड्राइभ माधव सिंखडाले हिर्काए । सिनियर तर्फको पुरस्कार भने पोखराका बलराम थापाले पाए। ६१ वर्षका थापाले १६ स्कोर गरेका थिए। उनी गतवर्षको उपविजेता हुन्। ४ हजार ६ सय ४५ मिटरको उचाईको कोर्षमा भएको प्रतिस्पर्धामा तामाङले ९ होलमा १९ स्कोर बनाए। उनले एक अण्डर खेल्दै उपाधि उचाल्दा पोखराका लिलाजंग भने १८ अंकसहित दोस्रो स्थानमा चित्त बुझाए । लिलाजंगले लेभलपार १८ को स्कोर बनाएका थिए । २४ पुरुष गल्फर सहभागिता रहेको प्रतिस्पर्धाको ग्रस तर्फ रविन राना च्याम्पियन बने। उनले पोखराका याम रानालाई पछाडि पारे। क्लोजेष्ट टु दी पीन मेजर विजय लामाले पाए। होल इन वान कसैले पनि जित्न सकेन । होल इन वानका लागि घोडा र ५० कार्टुन स्याउ पुरस्कार राखिएको थियो। २४ पुरुष र ४ महिला गरी २८ गल्फर सहभागी खेल स्टेवल फोर्ड फर्म्याटमा खेलाइएको थियो । अघिल्लो वर्ष निर्माण गरिएको कोर्सलाई विश्व गिनिज बुकमा रेकर्ड गराउने प्रयास गरिएको छ। त्यसैका लागि मुस्ताङ गल्फ कोर्स दर्ता गरेर जग्गा प्राप्तीको प्रक्रिया थालिएको म्यानेजिङ डाइरेक्टर तथा पुर्व सांसद इन्द्रधारा विष्टले जानकारी दिए। उनले नेपालमा नयाँ पहिचान थप्ने सपना अनुसार काम गरिरहेको बताए । 'सर्वोच्च शिखर सगरमाथा र लुम्बिनीसँगै विश्वले अव सर्वाधिक उचाईमा रहेको गल्फ कोर्स रहेको भूमि का रुपमा पनि नेपाललाई चिन्नेछ,' उनले भने, 'त्यसैलाई सघाउन प्रबर्द्धनात्मक गल्फ प्रतियोगिता गरिएको हो।' प्रतियोगिताका विजयी खेलाडीहरुलाई विष्टसँगै लोमान्थाङ गाउँपालिका अध्यक्ष टसी न्हुर्वु गुरुङ, नेपाल गल्फ संघका उपाध्यक्ष पवित्रकुमार कार्की लगायतले ट्रफी वितरण गरेका थिए । गल्फलाई व्यवस्थित सञ्चालन गर्न गल्फ संघका केन्द्रीय सदस्य भुवन गुरुङ सहितको प्राविधिक टोली १ साताअघि नै लोमान्थाङ आइपुगेको थियो।

# पोखरामा ...

२७ औं बार्षिकोत्सव एवं २५ औ संस्करणको लामाचौर तीज महोत्सवको अवसरमा महिला भलिवल खेल भने शनिबार देखि सुरु भएको हो। प्रतियोगितामा महिलातर्फ ४ नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, न्यू डायमण्ड क्लव तथा एभरेष्ट भलिबल क्लव बुटवलले सहभागिता छ । त्यसै गरि पुरुषतर्फ गण्डकी प्रदेश, विभागिय टोली नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, मणिमुकुन्द क्लव बुटवल गरि पाँच टिमको सहभागिता रहेको महोत्सवका प्रचार संयोजक दीनेश भण्डारीले बताउनु भयो। राष्ट्रिय भलिबल प्रतियोगितामा महिला र पुरुष तर्फ उपाधि विजेतालाई जनही १ लाख ५० हजार १ सय ११ रुपैयाँ साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ। त्यसै गरी दोस्रो हुने टिमलाई जनही १ लाख १ सय ११ र तेस्रो हुनेलाई जनही ५० हजार १ सय ११ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको समाजले जनाएको छ । महिलाहरुको महान पर्व हरितालीका तीजका अवसरमा असोज १ गतेसम्म महोत्सव संचालन हुने भएको छ।

# सहारा ...

व्यक्तिलाई विधागत सम्मान गरेको छ । सम्मानित हुनेमा जयलाल पुन, महेश गुरुङ, गणेशबहादुर भट्टराई, डा. नारायण गौतम, निरञ्जन राजवंशी, रामकृष्ण ज्ञवाली, मुच्छेत्र गुरुङ, रामचन्द्र गुरुङ, उमादेवी गुरुङ, दीपक गुरुङ, जगन गुरुङ छन् भने मरणोपरान्त स्व.उगेन लामा र स्व. बिलबहादुर तामाङको तर्फबाट परिवारजनलाई सम्मान गरियो । साथै हिमश्री फुड्सका कार्यकारी अध्यक्ष प्रेमकुमारी केसी पनि सम्मानित भइन् । प्रेमकुमारी पोखराका वरिष्ठ उद्योगपति, पूर्व सभासद एवं समाजसेवी स्व. सूर्यबहादुर केसीकी धर्मपत्नी हुन् । क्लबले मुच्छेत्र गुरुङलाई मानार्थ सदस्य पनि प्रदान गरेको छ । योसहित मानार्थ सदस्य संख्या १२ पुगेका छन्। सो अवसरमा सहारा खेलकुद पत्रकारिता पुरस्कार-२०६९ बाट फोटो पत्रकार उमेश पुनलाई नगद २५ हजार ५५५ साथमा ताम्रपत्रसहित पुरस्कृत गरियो । नागरिक दैनिक र गोलनेपाल डटकममा कार्यरत फोटो पत्रकार पुन नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका कार्यसमिति सदस्य समेत हुन्। यस्तै, क्लबले सहारा उत्कृष्ट सदस्यबाट धमेन्द्र बराललाई सम्मान गरेको छ । कार्यक्रममा हिमश्री फुड्सका कार्यकारी अध्यक्ष प्रेमकुमारी केसीलगायत विभिन्न महानुभावलाई सम्मान गरिएको थियो । समारोहमा प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव श्रीधर शर्मा, आहा रारा पोखरा गोल्डकपका मुख्य प्रायोजक हिमश्री फुड्सका निर्देशक प्रकाश केसी, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, क्लबका मानार्थ सदस्य जयलाल पुन, सम्मानित व्यक्तित्वतर्फबाट पर्यटन व्यवसायी गणेशबहादुर गुरुङ, सम्मानित व्यक्तित्व नेपाल खेलकुद पत्रकार मञ्चका पूर्व अध्यक्ष निरञ्जन राजवंशी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष दीननाथ बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। क्लबले रजत महोत्सव अवसरमा प्रकाशन गरेको सहारा रजत जयन्ती स्मारिका पनि प्रकाशन गरेको छ। उक्त स्मारिका महानगर प्रमुख आचार्यले विमोचन गरे । क्लब अध्यक्ष हरिराम गुरुङ (सुरज) को अध्यक्षतामा भएको कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष केशवराज बरालले स्वागत तथा महासचिव रामजीप्रसाद अधिकारीले कार्यक्रम संचालन गरेका थिए । सो अवसरमा महासचिव अधिकारीले गत वर्षको वार्षिक प्रगति विवरण तथा आगामी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप लिग कम नकाउट स्वरुपमा संचालनका लागि अध्ययन गर्ने, प्रतियोगिताको नाम र ब्रान्डिगको लागि कम्पनी कार्यालयमा दर्ता गर्न पहल गर्ने, सहारा फुटबल एकेडेमीको थप भौतिक पूर्वाधार सहित प्यारापिट निर्माणमा सम्बन्धित निकायमा पहल गर्ने लगायत योजना सुनाए। क्लबले चौंथो ब्याचमा थप ३० जना कठिन परिस्थिति तथा विपन्न वर्गका बालक भर्ना गर्ने लक्ष्य अनुरुप हालसम्म ११ जना भर्ना भइसकेको क्लब अध्यक्ष सुरज गुरुङले जानकारी दिए।

पोखरामा २०६१ सालदेखि सहारा एकेडेमी संचालन गर्दै आएको क्लबले हरेक वर्ष पोखरा रंगशालामा फुटबल टुर्नामेन्टलाई निरन्तरता दिएको छ। २०५८ मा क्याराभानदेखि सुरु भएकोमा गत वर्ष २२ औं संस्करणका आहा रारा पोखरा गोल्ड कप भएको थियो । नेपाली फुटबल टिमका पूर्व क्याप्टेन अनिल गुरुङ सहारा एकेडेमीकै उत्पादन हुन्।


क्लबको शनिबार नै १३ औं अधिवेशनले आगामी २ वर्षे कार्यकालका लागि नयाँ कार्यसमिति चुन्नेछ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# तीजपर्वलाई महिलाका मुद्धा र बहसका रुपमा मनाउन जरुरी छः सासद पहारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

गण्डकी प्रदेशका सांसद देवकी पहारीले अवको तिजपर्व महिलाहरुको माग मुद्धा र बहसका रुपमा मनाउन आवश्यक रहेको बताएका छन् । महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा सञ्चारिका समुह नेपाल गण्डकी प्रदेश आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमका अवसरमा उनले उक्त धारणा व्यक्त गरेका हुन् । उनले समय परिवर्तन संगै तिज मनाउने तरिकाहरु पनि फरकफरक भएकोले अवका तिज पर्व थप व्यवस्थित भई शसक्तिकरणरुका रुपमा मनाउन आवश्यक रहेकोमा जाड दिईन् । 'कुनै समय तिजपर्वलाई महिलाहरुका बेदना पोख्ने अवसरका रुपमा लिईन्थ्यो,त्यसपछि कपडागरगहना देखाउने तथा दरका रुपमा अस्वस्थकर खानेकुरा ग्रहण गरिदै तिज मनाउने चलन आयो',उनले भने,'विस्तारै यसलाई पनि थप परिमार्जित गरि महिलाका हरेक मागमुद्धाहरुलाई बहस गर्ने अवसरका रुपमा लिन आवश्यक छ ।' राजनीतिको हरेक तहमा पनि महिलामा विभेद कायमै रहेको



अनुभव सुनाउदै उनले यसका लागि हरेक क्षेत्रका महिलाहरु छलफल र बहसमा उत्रिनुपर्ने अवस्था आएको सुनाए । संविधानमा महिला अधिकारका कुराहरु उल्लेख भएपछि कार्यन्वयन पक्ष फितलो हुनाले देशका हरेक क्षेत्रमा महिलाहरुको अवस्था सोचेअनुसार माथि उठन नसकेको उनले गुनासो गरे । साथै उनले आफुले महिलाका समस्या र समाधानका प्रयास जारी राख्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रमका अवसरमा नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य सरिता तिमिल्सिना पंगेनी,नेपाल पत्रकार महासंघ कास्कीका पुर्व अध्यक्ष पुण्य पौड्याल, दलित महिला संघ फेडोका अध्यक्ष लक्ष्मि खाती, ओटेफका अध्यक्ष उमा भण्डारी,भिरको बाटो पुस्कतका लेखक गोमा पराजुली,नेपाल नर्सिङ संघका क्षेत्र रोका,वरिष्ठ सौन्दर्यकर्मी सुमन गुरुङ, सिदार्थ क्लवका पुर्व अध्यक्ष तिर्थ क्षेष्ठ लगाएतले समय परिवर्तन संगै तिजपर्व भड्किलो रुपमा मनाउन थालिएको भन्दै यसमा सचेत वर्गहरुले तिजको मौलिकतालाई ध्यान दिई सभ्य मार्गदर्शन दिन आवश्यक रहेको बताएका थिए । वक्ताहरुले हरेक क्षेत्रमा अझै पनि महिलाले गरेका सकरात्मक कार्यहरु र हिंसाका घटनाहरु ओझेलमा परेको भन्दै मिडियाले अव त्यस्ता लुकेका विषयहरुलाई प्रचारमा ल्याउने भुमिका खेल्न आग्रह गरे ।

त्यसै गरि कार्यक्रमको समापन गर्दै सञ्चारिका समुह नेपाल गण्डकी प्रदेशका अध्यक्ष कविता क्षेष्ठले महिला पत्रकार हरुले महिलाका विषय सञ्चार माध्यममा ल्याउने बताउदै भड्किलो रुपमा चलिरहेका यस खालका सामाजिक पर्वहरुलाई सभ्य बनाउन पत्रकारिता मार्फत भुमिका खेल्ने प्रतिवद्धता जनाए । साथै उनले कार्यक्रममा उपस्थित सवैलाई धन्दवाद ज्ञापन गरेकी थिईन् ।

कार्यक्रमका अवसरमा तिजगीतमा उत्कृष्ट नाँच प्रदर्शन गर्नेहरुलाई ग्रिष्मा विउटी केयरका तर्फबाट विभिन्न पुरस्कारहरु प्रदान गरिएको छ । जसमा कुस्मा रानाले प्रथम,तिर्थ श्रेष्ठले द्धितिय,लक्ष्मि खाती परियार तृतिय तथा अनिता घिमिरे र पुनम थापामगर सान्तवना भएका थिए । प्रथम,द्धितिय,तृतिय र सान्तवना हुनेहरुले क्रमशःहेयर केराटिन ट्रिट्मेन्ट,हाड्र फेसियल,मेनिकेयर र पेडिकेयर, सान्तवना हुनेहरुले ५० प्रतिशत छुटमा सेवा लिन पाउने गरि ग्रिष्मा विउटी केयरका तर्फबाट दिपा कार्कीले करिव ७ हजार बरावरको पुरस्कार प्रदान गरेका छन् ।

# वडा १३ को तीज प्रतियोगितामा विपी मार्ग 'ख' आमा समुह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरा महानगरपालिका वडा नं १३ को आयोजनमा भएको खुल्ला तीज गीत प्रतियोगितामा विपी मार्ग ख आमा समुह प्रथम भएको छ ।

२५ समुह सहभागी भएको प्रतियोगितामा द्धित्तिय आर्वा दिदीवहिनी समुह, तृत्तिय वातावरण आमा समुह र सान्त्वना नवदुर्गा टोल आमा समुह भएका छन् । शनिवार भएको प्रतियोगितामा भेषभुषामा भद्रकाली मावि र नृत्यमा कमलपोखरी आमा समुह उत्कृष्ट भएका छन् । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र चौथो हुनेलाई क्रमश १५ हजार , १० हजार, ५ हजार र ३ हजार साथमा प्रमाणपत्र प्रदान गरिएको छ । त्यसैगरी नृत्य र भेषभुषामा उत्कृष्ट हुनेलाई नगद दुई दुई हजार प्रमाण पत्र प्रदान गरिएको छ । गण्डकी प्रदेशका उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री सरस्वती



अर्याल तिवारीले कार्यक्रमको उद्घाटन गर्दै दिदीवहिनीहरुलाई अवसर दिएमा कुनै पनि कार्य गर्न सक्ने धारणा राखिन ।

सामाजिक कार्यमा लाग्नु अघि नेपालको संविधान पढ्न सवैलाई मन्त्री अर्यालले अनुरोध गरिन् । अव ब्रत बस्दा श्रीमान श्रीमती दुवै सँगै बसेर एउटै कामना गर्नु पर्नेमा मन्त्री अर्यालले जोड दिइन् । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले तीज गीत प्रतियोगिताले समाजमा जनचेतना र जागरण फैलाउन ठूलो सहयोग पुग्ने भने । प्रतियोगिताको निर्णायक मण्डलको संयोजकमा अमर धिताल र सदस्यहरुमा क्रमश केशव देवकोटा र सरस्वती परियार रहेका थिए ।

वडा सदस्य सुचिता तामाङले स्वागत गरेको कार्यक्रममा वडा सदस्य रजनी परियार र सत्य सेवा आमा समुहका अध्यक्ष जमुनादेवी श्रेष्ठ लगायतले वोलेको कार्यक्रममा समाजसेवी रामकुमारी पौडेलले संचालन गरेकी थिइन् । सो प्रतियोगिता भव्य र सफल बनाउन विहानै देखी साँझ सम्म समाजसेवी रवि वराल लगायतको समुहले ठूलो सहयोग गरेका थिए ।

# कुँडहर सहकारीको अध्यक्षमा विश्वबन्धु

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

कुँडहर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा तथा छैटौं अधिवेशनले आगामी तीन वर्षका लागि विश्वबन्धु थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्ष शिव बहादुर बराल, सचिवमा सुरेन्द्र विनोद खनाल, सहसचिवमा दया बराल, कोषाध्यक्षमा राजेन्द्र वाग्ले रहनुभएको छ। सदस्यहरुमा आनन्दी राणा, गौतम थापा, इश्वर श्रेष्ठ, नवीन जंग थापा, दुर्गादत्त भुर्तेल, पार्वती पोखे्रल रहनुभएको छ । लेखा समिति संयोजकमा शुक्रराज अधिकारी, सदस्यमा नारायण प्रसाद अधिकारी र देवकी रायमाझी हुनुहुन्छ । यसअघि साधारण सभाले अध्यक्ष विश्वबन्धु थापा,



कोषाध्यक्ष शुक्रराज अधिकारी, लेखा समिति संयोजक राजेन्द्र वाग्लेले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको छ । साधारण सभा उद्घाटन गर्दै पोखरा महानगरपालिका सहकारी शाखाका अध्यक्ष रविरमण तिवारीले सहकारीले सहकार्य र सामूहिकतामा विश्वास गर्नुपर्ने उल्लेख गर्नुभयो । सहकारीका बेग्ला बेग्लै उद्देश्य छन् तर बचतलाई मात्रै प्राथमिकता दिइएको उहाँको भनाइ छ । जिल्ला सहकारी संघ लेखा सुपरिवेक्षण समिति कास्कीका सदस्य विमला थापा बस्नेतले सहकारीको विकासका लागि शेयर सदस्यको भूमिका महत्वपूर्ण रहने बताउनुभयो । त्यस अवसरमा ज्येष्ठ शेयर सदस्य बलराम गुरुङ, मैना ओझा र उत्कृष्ट बचतकर्ता सुरेन्द्र विनोद खनाललाई सम्मान गरिएको थियो । त्यस्तै, उत्कृष्ट कर्जा तर्फ शेयर सदस्य चिनबहादुर थापालाई सम्मान गरिएको छ । जेहेन्दार विद्यार्थी निपूर्ण अधिकारीलाई सात हजार पाँच सय छात्रवृत्ति प्रदान गरिएको छ । सहकारीका अध्यक्ष विश्वबन्धु थापाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शिव बहादुर बरालले स्वागत, सहसचिव दया बरालले सहकारीका सात सिद्वान्त वाचन र सचिव सुरेन्द्र विनोद खनालले संचालन गर्नुभएको थियो ।

# कालीगण्डकीमा अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन

**रासस**
स्याङ्जा, ३० भदौं

कालीगण्डकी नदीबाट अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन तथा चोरी निकासी हुने गरेको छ । शुक्रबार गल्याङ नगरपालिका ११ जिमुहा कोप्चेघाटस्थित कालीगण्डकी नदीबाट अवैधरुपमा ढुङ्गा लोड गरी ल्याउँदै गरेको ग त ५६७३ नम्बरको ट्र्याक्टर समातिएपछि घटना बाहिर आएको हो । ट्र्याक्टरलाई जनप्रतिनिधि र स्थानयीवासीले नियन्त्रणमा लिएका थिए ।

कालीगण्डकी नदीबाट तीन वर्षयता नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा निकासी गर्न अदालतले रोक लगाएको छ । स्थानीयको प्रयासपछि ट्र्याक्टरलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । प्रहरीले ट्र्याक्टरलाई गल्याङ नगरपालिकाको जिम्मा लगाएको छ । नगरपालिकाको राजस्व कार्यालयले नियमानुसारको जरिवाना भन्दै रु १० हजार लिएर ट्र्याक्टरलाई छोडिदिएको छ ।

गल्याङ नगरपालिका-११ का वडासदस्य प्रकाश भट्टराईले कालीगण्डकी नदीको पटकपटक दोहन हुने गरेको बताउनुभयो । उहाँले अवैधरुपमा लोड गरी ल्याएका ढुङ्गा, गिट्टी र बालुवा समात्न खोजे पनि असफल भएको बताउनुभयो । "धेरैपटक म र प्रहरीसँगै घटनास्थलमा गएको छु तर प्रमाण पुष्टि हुन नसक्दा समात्न सकेनौँ", उहाँले भन्नुभयो, "यो पटक भने ढुङ्गासहितको ट्र्याक्टर समातेर प्रहरीको जिम्मा लगाउन सफल भयौँ ।" वडासदस्य भट्टराईले कालीगण्डकीमा नदीजन्य पदार्थ उत्खनन तथा निकासीमा प्रतिबन्ध लगाइएकाले चोरी निकासी हुनु राज्यविरुद्धको गतिविधि भएको दाबी गर्नुभयो । उहाँले यस क्षेत्रमा यस्ता गतिविधि पटकपटक हुने गरेको भन्दै नगरपालिका चनाखो भएर अवैध गतिविधि रोक्न लाग्नुपर्नेमा जोड दिनुभयो । टेण्डर प्रक्रिया नगरी नगरपालिका र विभिन्न ठेकेदार तथा कम्पनीको मिलिमतोमा कालीगण्डकीको नदीजन्य पदार्थ उत्खनन, चोरी तथा निकासी हुने गरेको कतिपय स्थानीयको आरोप छ । उनीहरूले अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्न ठुलै गिरोह सक्रिय रहेको भन्दै सत्यतथ्य छानबिन गरी दोषीलाई आवश्यक कारबाही गर्नसमेत माग गरेका छन् ।

चोरी निकासीमा सक्रिय गिरोहले कालीगण्डकी नदीका ढुङ्गा, गिट्टी, बालुवालगायत निर्माण सामग्री निकालेर विभिन्न स्थानका लागि बिक्री गर्ने गरिएको स्थानीयको आशङ्का छ । बर्खाको बेला कालीगण्डकी नदीको तटमा ढुङ्गा, गिट्टी र बालुवालगायत निर्माण सामग्री जम्मा हुने गर्दछ । चोरी निकासीमा सक्रिय गिरोहले प्रहरी-प्रशासनलाई छलेर बेलाबेला निर्माण सामग्री उत्खनन गरिरहेका हुन्छन् । राम्दी, परेवाकुना, ठूला ढुङ्गा, एक्किया, छर्ती, जिमुवा काप्चेघाट, हुँगीघाट, बेलचौर, बेल्चौर जामुने, निमाघाट गल्याङ नगरपालिकास्थित कालीगण्डकी नदीका प्रमुख ढुङ्गा, गिट्टी, बालुवालगायतका सामग्री जम्मा हुने स्थल हुन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पावलसिंह लामाले १० दिनयता जिल्ला कारागार नजिकै आँधीखोलाबाट अवैधरुपमा लोड गरी ल्याएको ३० बोरा बालुवासहितको बलेरो जिप र पुतलीबजार नजिकै चिहान घाटबाट समेत त्रिपालले ढाकेर बालुवा ल्याउँदै गरेको अवस्थामा ट्र्याक्टरलाई नियन्त्रणमा लिएर कारबाही गरिएको बताउनुभयो ।

"अवैध चोरी निकासी नियन्त्रण गर्न साँझपख मोबाइल गाडी खटाएका छौँ", सूचना अधिकारी लामाले भन्नुभयो, "व्यावसायी, ठेकेदार तथा उपभोक्तालाई स्टक प्रमाणित भएका स्थानबाट मात्र ढुङ्गा, गिट्टी, बालुवालगायतका निर्माण सामग्री खरिद बिक्री गर्न आग्रह छ, कोही कसैले अटेर गरी अवैध गतिविधि गरेमा कारबाही गरिने छ ।"

गल्याङ नगरपालिका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले ढुङ्गा, गिट्टी, बालुवालगायतका सामग्री अवैधरुपमा चोरी निकासी गरेको भेटिएका सबैलाई बिनापूर्वाग्रह कारबाही गरिएको बताउनुभयो । "अवैध नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणका लागि नगरले योजना बनाउने तयारीमा छ", उहाँले भन्नुभयो, "गएका आर्थिक वर्षमा पनि हामीले कारबाही गरेका छौँ, आगामी दिनमा पनि नदीजन्य पदार्थ चोरी निकासी गर्ने जो कोहीलाई काडाईका साथ कानुनी प्रक्रियामा ल्याउन प्रहरीलाई निर्देशन दिएका छौँ ।"

# ढोरपाटनमा मगर भाषा लोप हुँदै

**डम्मर बुढामगर**
बागलुङ, ३० भदौं (रासस)

दशक अगाडिसम्म बागलुङको पश्चिम भुजीखोला क्षेत्रमा अधिकांशले मगर भाषा बोल्ने गदर्थे । पछिल्लो समय यहाँ मगर भाषा बोल्न छोडिएको छ । बुढापाकाले कहींकतै बोल्ने गरेको सुनिए पनि युवापुस्तामा भाषको ज्ञान नभएकाले भाषा नै लोप हुने अवस्थामा पुगेको स्थानीय बताउँछन् ।

पुर्खौंदेखि बोल्दै आएको भाषा हराउँदै गएपछि स्थानीयले संरक्षण गर्न सरकारसँग माग गरेका छन् । अहिले बागलुङको निसीखोला गाउँपालिका-५ र ६ मा मात्रै 'मगर खाम भाषा' बोल्ने गरिन्छ। त्यसबाहेक अन्य क्षेत्रमा मगर भाषा बोलेको पाइँदैन । भुजीखोलामा मगर भाषा बोल्न छोडेपछि परम्परागत मौलिक संस्कृति पनि हराउने जोखिम बढेको छ। ढोरपाटननगरपालिका-९का८०वर्षीय भैरम बुढामगरले आफूहरुको भाषा हराउने अवस्थामा पुगेको भन्दै यसको संरक्षणमा स्थानीयर सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । बालबालिका विद्यालयमा जान थालेपछि भुजीखोला क्षेत्रमा बोलिने गर भाषा हराउँदै गएको उहाँको बुझाइ थियो । "हाम्रो पालमा स्कूल जाने, पढ्ने, लेख्ने जमाना थिएन, हामीहरु सानैदेखि गाई गोरु पाल्ने, गोठमा बस्ने र आफ्नै भाषामा बोल्ने गरियो, केही वर्षअघिसम्म गाउँमा धेरै जनाले मगर भाषा बोल्थ्यौं, यहीं भाषामा गीत गाउँथ्यौं, अहिले मगर बोल्ने कोही पनि छैनन्, नयाँ पुस्ताले त झन सिक्दै सिकेनन्", बुढामगरले भन्नुभयो, "१२/१५ वर्षअघिसम्म धेरै मानिसले मगर भाषा बोल्थे तर अहिले धेरैले बुझ्दैनन् । केटाकेटी विद्यालय जान थालेपछि भाषा पनि हराउँदै गयो, सरकारले भाषा संरक्षण गर्नतर्फ ध्यान दिन जरुरी छ ।" ढोरपाटन नगरपालिका-४ देखि ९ सम्म बाक्लो मगर बस्ती छ । आधुनिक प्रविधिको विकास र अरुको देखासिकीका कारण आफ्नो मौलिक भाषा हराउँदै गएको बुढामगरको भनाइ छ । उहाँका अनुसार यस क्षेत्रमा बोलिने मगर भाषालाई स्थानीयले 'भुजेल भाषा' भन्ने गर्दथे । ढोरपाटन नगरपालिका-६ कि खिमकुमारी बुढामगरले भाषासँगै यहाँ मगर संस्कृति पनि हराउँदै गएकामा चिन्ता व्यक्ति गर्नुभयो । मगर जातिको भाषा र संस्कृति संरक्षणका लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । अघिल्लो पुस्ताबाट अब नयाँ पुस्तालाई भाषा सिकाउनका लागि नगरपालिका र अन्य सरोकारवाला निकायले ध्यान दिनुपर्ने खिमकुमारीले बताउनुभयो । भाषा एउटा समुदायको पहिचान भएकाले यसको संरक्षणमा सबैको पहल आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो । "पहिला सानोमा अरुले बोलेको सुनेर हामीले पनि मगर बोल्थयौं । अहिले कहींकतै अरुले बोलेको सुनिदैन, हामीले बोल्ने भाषा हराउँदै गएको छ, बुढापाका बाहेक अरुले बुझ्दैनन्, केटाकेटीलाई सिकाउन पाए भाषा संरक्षण हुने थियो", खिमकुमारीले भन्नुभयो, "भाषा सिक्नका लागि नगरपालिकाले सहयोग गर्नुपर्छ, विदेश जान भाषा सिक्न हुने आफ्नै भाषा सिक्न नहुने भन्ने हुन्छ र ?" पश्चिम बागलुङको निसीखोला, तमानखोला र भुजीखोलामा दुई दशकअघिसम्म मगर भाषा बोलिने गरिए पनि पछिल्लो समय तमानखोला र भुजीखोलामा यो भाष लोप भइसकेको छ । यस क्षेत्रमा बोलिने भाषालाई निसेल, भुजेल र भल्कोटे भाषा भनिन्छ । निसीखोला गाउँपालिकाले भाषा संरक्षणका लागि 'मगर खाम भाषा'को पाठ्यक्रम बनाएर पठनपाठन सुरु गरेकाले यहाँ भने लोप हुने अवस्था नआएको स्थानीयको भनाइ थियो ।

ढोरपाटनमा पनि विद्यालय तहदेखि नै पाठ्यक्रम बनाउनुपर्ने स्थानीयको माग छ । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले मगर भाषासँगै अन्य मौलिक संस्कृति पनि हराउँदै गएको भन्दै यसको संरक्षणका लागि पालिकाले योजना बनाएर अघि बढ्ने बताउनुभयो ।

# बाल कचहरी : बालअधिकार संरक्षणका लागि ११ बुँदे घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
बेनी, ३० भदौं

म्याग्दीको मालिका गाउँपालिकामा बालअधिकारको सुनिश्चितता, संरक्षण तथा प्रवर्द्धन गर्न ११ बुँदे 'मालिका गाउँपालिका घोषणापत्र' जारी गरिएको छ। राष्ट्रिय बाल दिवसका अवसरमा मालिका-६ दरबाङस्थित जनप्रिय माध्यमिक विद्यालयमा आयोजित बाल कचहरीबाट उक्त घोषणापत्र जारी गरिएको हो ।

जिल्लास्थित सामाजिक विकास कार्यालय र गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा जनप्रिय माविमा रहेको जनप्रिय बाल क्लबको आयोजना, मालिका गाउँपालिकाको समन्वय र सङ्गम म्याग्दीको सहजीकरणमा आयोजित बाल कचहरीमा गाउँपालिकाका जनप्रतिनिधि, सरोकारवाला र विद्यार्थीबीच बालअधिकारको अवस्था, बालमैत्री वातावरणको आवश्यकता र बालबालिकाको संरक्षणको सन्दर्भमा बहस भएको थियो । उक्त छलफल तथा बहसपश्चात् सम्पूर्ण सरोकारवालाले बालअधिकारका चार स्तम्भमध्ये बाँच्न पाउने, संरक्षणको, विकासको र सहभागिताको अधिकार नैसर्गिक अधिकार भएकाले यिनको परिपालना र कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरेका विद्यालयका प्रधानाध्यापक दिवाकर सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार घोषणापत्रमा बालविवाह, विभेद, बालमजदुरजस्ता सामाजिकविरुद्ध सामूहिक आवाज उठाउन र त्यस्ता घटनाको न्यूनीकरणमा कटिबद्ध भएर लाग्ने प्रतिबद्धता जनाइएको छ । विद्यालयमा बालमैत्री वातावरण निर्माणमा विशेष जोड दिने, विभिन्न भौतिक संरचना निर्माण गर्दा बालमैत्री बनाउने, प्रविधिमैत्री शिक्षामा जोड दिइनेलगायत विषय घोषणापत्रमा उल्लेख गरिएको प्रधानाध्यापक सुवेदीले बताउनुभयो । बाल बचहरीमा सहभागी विद्यार्थीले सरकारले विद्यालयमा उपलब्ध गराएको सेनेटरी प्याड गुणस्तरहिन रहेको, बालविवाह न्यूनीकरण हुन नसकेको, विद्यालयका संरचना बलमैत्री बन्न नसकेको, विद्यालयका क्यान्टिनमा पोषणयुक्त परिकार बन्न नसकेको गुनासो गरेका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्वुजाले महिनावारीको समयमा सरसफाइ व्यवस्थापनका लागि उपलब्ध गराइदै आएको सेनेटरी प्याडको निरन्तररुपमा गुणस्तर अनुगमन गर्ने र गुणस्तरीय प्याड उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो । 'बिहेवारी २० वर्ष पारी' भन्ने मूल नारालाई आत्मसात् गर्दै बालविवाह जस्तो सामाजिक कुसंस्कार तथा कानुनी अपराधको विरुद्ध एकजुट भएर लाग्न आवश्यक रहेकामा जोड दिँदै उहाँले शैक्षिक गुणस्तर वृद्धि गर्न भौतिक कक्षा सँगसँगै अनलाइन कक्षा र प्रविधिमैत्री शिक्षामा जोड दिइने बताउनुभयो । बाल कचहरीमा सरोकारवालाबाट प्रतिबद्धता भएर जारी भएको घोषणापत्रलाई आगामी दिनमा व्यावहारिकरुपमा कार्यान्वयनमा लैजान निरन्तर पैरवी गर्ने गुड नेवर्स इन्टरनेश्नल नेपालका जिल्ला परियोजना संयोजक रमेश बुढाले जानकारी दिनुभयो । यसै गरी राष्ट्रिय बालदिवसका अवसरमा म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकामा करिब एक हजार पाँच सय विद्यार्थी पुरस्कृत भएका छन् ।